# खाद्य सुरक्षा पुस्तिका

HAMILTON COUNTY PUBLIC HEALTH

PREVENT. PROMOTE. PROTECT.

Franklin County Public Health

Originally developed by Franklin County Public Health. Adapted with permission by Hamilton County Public Health.

सार्वजनिक स्वास्थ्य सुरक्षाको लागि यी खाद्य सुरक्षा प्रोटोकलहरूको पालना गर्नुहोस्।

# विषय सूची


जोखिम वर्गीकरण . . . . . . . . . . . . . . . . . . . . . .3
आवश्यक कागजातहरु . . . . . . . . . . . . . . . . . .5
शारीरिक तरल पदार्थ बग्ने घटना. . . . . . . . . . .8
सार्वजनिक स्वास्थ्य नियन्त्रण गर्ने समय. . . . .11
कीटा नियन्त्रण/डम्प्स्टर . . . . . . . . . . . . . . . . .12
बन्दरगाह . . . . . . . . . . . . . . . . . . . . . . . . . .13
हात धुनुहोस् . . . . . . . . . . . . . . . . . . . . . . . .14
ह्याण्ड सिङ्क प्राबधानहरु. . . . . . . . . . . . . . . .15
पञ्जाको प्रयोग . . . . . . . . . . . . . . . . . . . . .16
कपाल नियन्त्रण. . . . . . . . . . . . . . . . . . . . . .17
खाने/पिउने/व्यक्तिगत सामग्रीहरु . . . . . . . . .18
कामदारको सरसफाई. . . . . . . . . . . . . . . . . .19
तापक्रम/समय/TCS . . . . . . . . . . . . . . . . . . .19
खाना तयारी/तयारी खानाहरु. . . . . . . . . . . . .21
थर्मोमिटर . . . . . . . . . . . . . . . . . . . . . . . . . .22
खाना लिने. . . . . . . . . . . . . . . . . . . . . . . . . .23
चिसो रहने. . . . . . . . . . . . . . . . . . . . . . . . . .23
खाना भण्डारण . . . . . . . . . . . . . . . . . . . . . .24
काँचो मासु . . . . . . . . . . . . . . . . . . . . . . . . .24
खाना पगाल्ने. . . . . . . . . . . . . . . . . . . . . . . .25
उत्पादन पखाल्ने . . . . . . . . . . . . . . . . . . . . .26
काट्ने बोर्डहरु . . . . . . . . . . . . . . . . . . . . . .27
पकाउने तापक्रम. . . . . . . . . . . . . . . . . . . . . .28
बाँकी खाना पुनःतताउने. . . . . . . . . . . . . . . . .29
तातो रहने. . . . . . . . . . . . . . . . . . . . . . . . . .29
खाना चिस्याउने. . . . . . . . . . . . . . . . . . . . . .30
मिति संकेत गर्ने. . . . . . . . . . . . . . . . . . . . . .31
लेवलहरु/लेवल लगाउने . . . . . . . . . . . . . . . .32
एलर्जी गराउने तत्वहरु. . . . . . . . . . . . . . . . . .33
उपभोक्ता सुझाव. . . . . . . . . . . . . . . . . . . . . .34
सुरक्षित चलाउनु . . . . . . . . . . . . . . . . . . . . .34
घरायसी खाना. . . . . . . . . . . . . . . . . . . . . . . .35
क्यान ओपनर . . . . . . . . . . . . . . . . . . . . . . . .36
दाँते क्यानहरु . . . . . . . . . . . . . . . . . . . . . . .36
उपकरण. . . . . . . . . . . . . . . . . . . . . . . . . . . .37
एकलप्रयोग सामग्रीहरु. . . . . . . . . . . . . . . . . .38
भण्डारण. . . . . . . . . . . . . . . . . . . . . . . . . . . .38
तीनकोठा सिङ्क निर्माण . . . . . . . . . . . . . . . . . . . . . .39
सेनिटाइजर. . . . . . . . . . . . . . . . . . . . . . . . . .40
सफाई उपकरण . . . . . . . . . . . . . . . . . . . . . .42
डिसवासर. . . . . . . . . . . . . . . . . . . . . . . . . . .43
पुछ्ने कपडा. . . . . . . . . . . . . . . . . . . . . . . . .46
बरफ मेसिन सफाई. . . . . . . . . . . . . . . . . . . .46
मासु काट्ने आरी सफाई . . . . . . . . . . . . . . . .47
पाइप जडान . . . . . . . . . . . . . . . . . . . . . . . . .49
रसायन स्प्रे बोटलहरु. . . . . . . . . . . . . . . . . . .49
तातो पानी ट्याङ्की . . . . . . . . . . . . . . . . . . . .49
पानी अवरोध/उमाल्ने सम्बन्धी सुझाव. . . . . .50
जनावरहरु/कीटहरु. . . . . . . . . . . . . . . . . . . .55
अग्नी प्रतिक्रिया . . . . . . . . . . . . . . . . . . . . . .56
स्रोतहरु/आँसु निकाल्ने सामग्रीहरु . . . . . . . .59
बिमारी नीति . . . . . . . . . . . . . . . . . . . . . . . . .73
सार्वजनिक स्वास्थ्य समय नियन्त्रण नीति. . . . . . . . . . . . . . . . . . . . . . . .76
खाद्य सुरक्षा लगहरु. . . . . . . . . . . . . . . . . . . .77

# जोखिम वर्गीकरण

## जोखिम तह I

**मुख्य समस्याहरुः**सरसफाई, लेवल लगाउने, स्रोतहरु, भण्डारण अभ्यास, म्याद सकिने मितिहरु

- सुरक्षित खाद्य पेय पदार्थ (कफी, स्वसेवा फाउन्टेन, प्याकेज) को लागि गैर समय/तापक्रम नियन्त्रण
- सुरक्षित खाद्यको लागि पूर्व प्याकेजिङ्ग गरेको गैर समय/तापक्रम नियन्त्रण
- सुरक्षित खाद्यको लागि चिस्याइएको र/वा जमेको पूर्व प्याकेजिङ्ग समय/तापक्रम नियन्त्रण
- बच्चाको खाना वा सुत्र

## जोखिम तह II

**मुख्य समस्याहरुः**तह I; हातको सम्पर्क, कामदार स्वास्थ्य; प्याथोजेन हुर्कने न्यून सम्भावना

- सुरक्षित खाद्यको लागि गैरसमय/तापक्रम नियन्त्रण बनाउने
- कन्फेक्सनरी सामग्रीको निर्माण
- सुरक्षित खाद्यको लागि र्‍याप नगरिएको गैर समय/तापक्रम नियन्त्रणको ठूलो प्रदर्शन
- अन्यत्र तयार पारिएको सुरक्षित खाद्यको लागि गैर समय/तापक्रम नियन्त्रणको पुनःप्याकेजिङ्ग
- व्यवसायिक रुपमा प्रशोधित हर्मेटिकरुपमा बन्द गरिएको कन्टेनरले खाना तताउने र खुद्रा बिक्री वा सेवाको लागि तुरुन्तै मिलाउने
- यदि 135˚ F वा सो भन्दा माथिको तापक्रममा बिक्री वा सेवाको लागि प्राप्त हुन्छ भने सुरक्षित खाद्यको लागि समाउन सकिने उचित तापक्रमसम्म तातो समय/तापक्रम नियन्त्रण (TCS)को व्यवस्था मिलाउने
- खुद्रा बिक्रीको लागि बरफ झोलामा राख्ने
- सुरक्षित खाद्यको लागि मात्र गैर समय/तापक्रम नियन्त्रणको तयारी र/वा सेवा
- हात डुबाउनु पर्ने जमेको मीठाई; जमेको मीठाई डिस्पेन्सर
- इजाजत प्राप्त अपरेटर वा अफप्रिमाइस प्रशोधकबाट पूर्व प्याकेजिङ्ग गरेको, अलगअलग हिस्साको खाना प्राप्त भयो र शिघ्र सेवाको लागि अलगअलग चिसो वा तातो खाना दियो
- इजाजत प्राप्त काम वा अफप्रिमाइस प्रशोधकबाट ठूलो मात्रामा खाना प्राप्न गर्ने र प्राप्त गर्दाको तापक्रममा नै कायम राख्ने/सेवा दिने

## जोखिम तह III

**मुख्य समस्याहरुः**जोखिम 1 र 2; राम्रोसँग पकाउने, चिस्याउने, समाउने; प्रदुषण; ताप उपचार

- काँचो मासुका खाद्य वस्तुहरु चलाउने, काट्ने, वा पिस्ने
- मासु वा चिजहरु काट्ने वा ताछने
- सुरक्षित खाद्यका लागि समय/तापक्रम नियन्त्रण जडान गर्ने वा पकाउने जुन शिघ्र सेवा दिइन्छ, तातो/चिसो राखिन्छ, वा चिस्याइन्छ।
- पकाउने/सेवा दिने, पकाउने/शितल, पकाउने/तातो राख्ने, पकाउने/शितल/चिसो राख्ने
- ताप उपचार डिस्पेन्सिङ्ग फ्रिजर सञ्चालन गर्ने
- हर्मेटिकरुपमा बन्द गरिएको प्याकेजबाट खाद्य वस्तु तताउने र तातो राख्ने
- पकाउने, चिस्याउने, अतिरिक्त कच्चा सामग्रीहरु थप्ने, चिसो राख्ने
- अलगअलग हिस्सा मात्र पुनःतताउने
- संरक्षणको लागि क्यानिङ्ग गर्ने, बोतलमा राख्ने, न्यून अक्सिजन प्याकेजिङ्ग गर्ने, धुवाँ भर्ने, जुस निकाल्ने, मद्यपान पेय पदार्थ बनाउने, अनुकुलन प्रशोधन गर्ने

## जोखिम तह IV

**मुख्य समस्याहरुः**तह 1, 2, 3; धेरै तयारी चरणहरु र तापक्रम नियन्त्रण आवश्यक पर्छ; विशेष प्रक्रियाहरु

- पकाउने/चिस्याउने/पुनःतताउने/तातो राख्ने; पकाउने/राख्ने/चिसो/पुनःतताउने (अतिरिक्त सामग्रीहरु राखेर वा नराखेर)
- तापक्रमको सट्टामा समय
- सुरक्षित खाद्यको लागि समय/तापक्रम नियन्त्रण केटररको रुपमा ढुवानी गर्छ
- प्राथमिकरुपमा उच्च जोखिममा भएका ग्राहकहरुलाई सेवा दिन्छ (स्वास्थ्य हेरचाह सम्बन्धी प्रतिरोधी समस्या भएका वा बृद्ध/सहायक जीवन सुविधा भएका)
- सुरक्षित मासु, पोल्ट्री, माछा वा यी वस्तुहरु भएका खानाहरुको लागि कच्चा समय/तापक्रम नियन्त्रण प्रदान गर्दछ
- आवश्यक न्यूनतम तापक्रम भन्दा तल पकाउने
- जिवित सेलफिस ट्याङ्कीबाट अइस्टरहरु, काल्महरु, वा मसेलहरु बेच्ने
- परजिवी निवारणको लागि जमाउने
- कुनै प्रक्रिया जसलाई ओहायो स्वास्थ्य विभाग (ODH) वा ओहायो कृषि विभाग (ODA) को भन्दा फरक आवश्यक पर्छ, वा खाद्य संहिताबाट विचलित हुन्छ
- प्रत्येक 7 दिनमा एक पटक भन्दा बढी ठूलो मात्रामा खाद्य वस्तुहरु पुनः तताउनुहोस्

# आवश्यक कागजातहरु

तपाईको सेवा क्षेत्रमा राख्नुहोस्।

## 1 खाद्य इजाजतपत्र

Ohio Department of Health

खाद्य सेवा सञ्चालन इजाजतपत्र

| | |
|---|---|
| अडिट नम्वरः | इजाजतपत्र नं. 12030 |

इजाजतपत्रदाता
फ्रयाङ्क्लिन काउन्टी सार्वजनिक स्वास्थ्य। 280 E बोर्ड St. कोलम्बस, OH 43215

सुविधा इजाजातपत्र बाहकमा नाम:
परीक्षण रेष्टरेण्ट 1

ठेगाना/सहर/राज्य/जिप
3662 Breamere Dr कोलोराडो स्प्रिङ्स CO 80922

वर्गिकरण विवरण
गैरव्यवसायीक FSO > 25,000 sq. ft जोखिम तह III

यो इजाजातपत्र ओहायो संशोधित संहिताको परिच्छेद 3717 को व्यवस्थाअनुसार जारी गरिएको छ र कुनै कारण भएमा खारेज वा निलम्बनको अधिनस्त छ र यो इजाजतपत्रदाताको सहमति विना हस्तान्तरण हुन सक्दैन।

**यो इजाजतपत्रको December 02, 2021 मा म्याद सकिने छ**

यदि यो घुम्ती खाद्य सेवा सञ्चालन हो भने विपरीत पक्षमा प्रसाङ्गिक जानकारी नदेखिएसम्म इजाजतपत्र मान्य हुँदैन

मिति

Joe Mazzola, MPA
स्वास्थ्य आयुक्त

HEA 5305 (Rev 04/13) इजाजतपत्र उक्त स्थानको स्पष्ट देखिने ठाउँमा राख्नु पर्दछ। ओहायो स्वास्थ्य विभाग

## 2 कामदार तालिमहरु

**खाद्य संरक्षण सम्बन्धी प्रबन्धक प्रमाणपत्र**

- स्वीकृत पाठ्यक्रम उत्तीर्ण गरेपछि (Ex: ServSafe®), ODH मार्फत आवेदन दिनुहोस्।
- यदि सुविधा जोखिम तह 3 वा 4 को हो भने एक व्यवस्थापकीय कर्मचारी सदस्यसित यो प्रमाणपत्र हुनुपर्छ।



Ohio | स्वास्थ्य विभाग

स्वास्थ्य निर्देशकले मितिमा प्रमाणित गर्छन्

परीक्षण परीक्षण

खाद्य संरक्षणको क्षेत्रमा प्रबन्धक प्रमाणपत्रको लागि
सफलतापर्क प्रवाधानहरु परा गरेको

प्रदायक

स्वास्थ्य निर्देशक

HEA 5318 (Rev 1/19)

प्रमाणपत्र नं · परीक्षण परीक्षण

**मुख्य मान्छे (PIC) तह 1 श्रेणी**

- अनलाईन तालिम Ex: ServSafe®.
- एउटा व्यक्तिलाई प्रति सिफ्ट तह 1 श्रेणी आवश्यक पर्छ।
  - यदि सुविधा जोखिम तह 3 वा 4 हो भने खाद्य संरक्षणमा ODH प्रबन्धक प्रमाणपत्र भएको व्यक्ति नभएको समयमा तह 1 कामदार जुनसुकै समय उपस्थित हुनुपर्छ।

**PIC:** कामदार जो निरीक्षणको समयमा सेवाको लागि जिम्मेवार हुन्छ

## 3 कामदार बिरामी नीति

- बै कामदारहरु जसले खाना बनाउँछन् एक प्रतिमा हस्ताक्षर गर्नुपर्छ। हस्ताक्षरहरु सबै निरीक्षणमा देखिनु पर्छ।

- यदि तपाई बिरामी हुनुहुन्छ भने घरमै बस्नुहोस्।

यो सम्झौताको उद्देश्य भनेको खाद्य कामदार र सर्तात्मक कामदार (सम्भावित कामदार जसलाई यो कामको प्रस्ताव गरिएको छ) लाई उल्लेखित मध्ये कुनै एक अवस्थाको पनि अनुभव गर्छन भने (PIC) लाई सूचीत गर्नु पर्ने तिनीहरुको जिम्मेवारीको जानकारी दिनु हो जसले गर्दा PIC ले खाद्यजन्य रोग सर्नबाट रोक्न कदम चाल्न सक्छ। यो जोखिम तह II, III, र IV सुविधाहरुको लागि मात्र हो। जोखिम तह I मा कामदार बिरामी नीति आवश्यक पर्दैन। खाद्य कामदार वा सर्तात्मक कमदारले पहिलो पटक रोगको लक्षण वा बिरामी सुरु भएको मिति, वा लक्षण विना रोगको उपचार भएको जस्ता सूचनाको जानकारी दिनु पर्छ। (*पूर्ण सम्झौताको लागि पेज 74 हेर्नुहोस्*)



**कामदार स्वास्थ्य नीतिः** खाद्य सुरक्षा कार्यक्रम

Franklin County
**Public Health**

280 इष्ट बोर्ड मार्ग
कोलम्वस, ओहायो 43215-4562
614.525.3160 I myfcph.org

**खाद्य कामदार वा सर्तात्मक कामदार प्रतिवेदन सम्झौता**

**म PIC लाई प्रतिवेदन गर्न समहत छुः**
काम गर्दाको समयमा होस् वा काम बाहेकको समयमा निम्न मध्ये कुनै पनि लक्षण देखिएमा पहिलो पटक लक्षण सुरुभएको मिति सहित प्रतिवेदन गर्ने:

1. पखाला लाग्ने
2. बान्ता आउने
3. कमलपित्त (आँखा वा छाला पहेंलो हुने)
4. ज्वरो सँगै घाँटी दुख्ने
5. पीप भएको घाउ जस्तै हात, नाडी, पाखुराको खुला भाग वा शरीरका अन्य भागहरुमा पाकेको वा खुला संक्रमित घाउ भएको (विसर्जन गर्न सकिने पञ्जा वा सुक्खा, टम्कको पट्टीले घाउलाई संरक्षण नगरेसम्म)।

**यदि स्वास्थ्य सेवा प्रदायकले मलाई तल उल्लेखित मध्ये कुनै रोग उपचार गरेको छ भने खाद्य कामदारलाई यी बिमारी वा अवस्थाको उपचार कहिले गरियो भन्ने PIC ले फ्र्याङ्कलिन काउन्टी सार्वजनिक स्वास्थ्यलाई सूचीत गराउनु पर्नेछः**

**A) निम्न मध्ये कुनै रोग**

1. क्याम्पिलोब्याक्टर
2. क्रिप्टोस्पोरिडियम
3. साइक्लोस्पोरा
4. एन्टामोएबा हिस्टोलिटिका
5. सिगा टोक्सिनप्रोड्युसिङ्ग ऐसरिकिया कोली (STEC)
6. गिआरडिया
7. हेपटाइटिस A
8. नोरोभाइरस
9. साल्मोनेला सप.
10. साल्मोनेला टाइफी
11. सिगेला
12. भिब्रिओ हैजा
13. यरसिनिया

**B) एउटा बिमारी जुन साल्मोनेला टाइफीको कारणले स्वास्थ्य सेवा प्रदायकले विगत तीन महिनामा उपचार (एन्टिबायोटिक थेरापी नलिइ गरेको उपचार) गरेका थिए।**

**C) 1. यदि म पुष्टि भएको रोगको प्रकोपको संदिग्ध कारण हुँ वा उक्त रोगको सम्पर्कमा आएको छु भने;**
**2. पुष्टि भएको रोगको प्रकोप भएको परिवेशमा उपस्थित हुनुहोस् वा काम गर्नुहोस्;**
**3. उपचाररत व्यक्तिसँग सोही घरमा बस्नुहोस् वा**
**4. निम्न मध्ये कुनै पनि पुष्टि भएको प्रकोपको परिवेशमा उपस्थित हुने वा काम गर्ने व्यक्तिसँग सोही घरमा बस्नुहोस्:**

1. नोरोभाइरस अन्तिम पटक देखिए देखि विगत अड्चालिस घण्टा भित्र।
2. सिगा टोक्सिनप्रोड्युसिङ्ग ऐसरिकिया कोली (STEC) अन्तिम पटक देखिएको विगत दश दिन भित्र।
3. सिगेला सप. अन्तिम पटक देखिएको विगत चार दिन भित्र।
4. साल्मोनेला टाइफी अन्तिम पटक देखिएको विगत चौध दिन भित्र।
5. हेपटाइटिस A अन्तिम पटक देखिएको विगत पन्ध्र दिन भित्र।

**बारेमा PIC ले निश्चित गर्नुपर्दछः**
मा पहिल्यै उल्लेख गरिएको कुनै रोगको लक्षण देखिन्छ वा उपचाररत छन् भने बहिष्करण* वा
* नहटाइएसम्म खाद्य कामदार हुनबाट प्रतिबन्ध गरिन्छ।
ले उच्च जोखिमयुक्त अवस्था वा अघिल्लो अनुच्छेदमा उल्लेखित रोगको उजुरी गर्छन् भने
ा प्रतिबन्धहरु नहटाएसम्म उच्च संवेदनशिल जनसंख्यामा सेवा दिने काममा खाद्य कामदार बन्न
न्छ।

**ल्यै उल्लेखित लक्षणहरु देखिएमा खाद्य कामदारको काममा PIC ले प्रतिबन्ध गर्नेछ।**

**खाद्य कामदारको पहिल्यै उल्लेखित तेह्रवटा मध्ये कुनै एकमा उपचार भएको छ भने PIC ले**
**ीहरुलाई काममा प्रतिबन्ध गर्ने वा बाहिर राख्नेछ।**

**स्वास्थ्य सेवा प्रदायकले खुला गरेमा वा फ्र्याङ्कलिन काउन्टी सार्वजनिक स्वास्थ्यले स्वीकृत**
**ा रोगको उपचारको कारणले खाद्य कामदारलाई लागेको बहिष्करण वा प्रतिबन्ध PIC ले**
**उन सक्नेछ। प्रतिबन्ध पहिल्यै उल्लेखित लक्षणको कारणले लागेको, यदि लक्षणहरु देखिन**
**ेको छ र लक्षणहरु पहिल्यै उल्लेखित तेह्र रोगहरु मध्येबाट देखिएको होइन भने PIC ले**
**बन्ध हटाउन सक्नेछ।**

न्नाले कामदारलाई काम गर्नबाट वा कामदारको रुपमा काममा भित्र जान रोक्नु हो।
दारलाई उपकरण, भाँडाकुँडा, लाइनन वा नढाकिएको एकलसेवा सामानहरुको प्रयोग गरेर काम

ाद्य सुरक्षा संहिता अन्तर्गत मेरो जिम्मेवारीको सम्बन्धमा पढेको छु (वा मलाई सम्झाइएको छ) र
ताको सर्तहरुको पालना गर्न असफल भएमा मेरो रोजगारदाता वा फ्र्याङ्कलिन काउन्टी सार्वजनिक
ा असर पार्न सक्ने वा म विरुद्ध कानूनी कारवाही गर्न सक्ने छ भन्ने बुझेको छु।

ख्नुहोस्)

र मिति

ुहोस्)

ा तस्वीर मिति

**कृपया www.myfcph.org मा हेर्नुहोस् वा (614) 525-3160 मा खाद्य सुरक्षा कार्यक्रममा सम्पर्क गर्नुहोस्।**

# 4 वान्ता वा पखालाका घटना सम्बोधन गर्ने

**पृष्ठभूमिको जानकारीः**जब खाद्य सेवा सञ्चालन वा खुद्रा खाद्य प्रतिष्ठानले शारीरिक तरल पदार्थ देखिने घटनाको अनुभव गर्दछ, शिघ्र सावधानी अपनाउनु पर्दछ। यदि उचित सफाई योजना पालना गरिन्छ भने खाद्य उपकरण, कर्मचारी, र उपभोक्ताहरुमा देखिने जोखिम कम गर्न सकिन्छ। शारीरिक तरल देखिने घटनाको असरलाई कम गर्न सघाउ पुर्‍याउन निम्न चरणलाई निर्देशिकाको रुपमा पालना गर्नुहोस्।

1. **नियुक्त कर्मचारीः**शारीरिक तरल बग्ने घटनालाई सफा गर्न जिम्मेवार हुने कर्मचारी सदस्यहरु नियुक्त गर्नु पर्नेछ। कर्मचारी सदस्यहरु यी प्रक्रियाको बारेमा सचेत हुनु पर्‌छ र व्यक्तिगत सुरक्षा उपकरण (PPE) कसरी लगाउने र शारीरिक तरल देखिएको घटनालाई कसरी उचित सफाई गर्ने भन्ने प्रक्रियाको बारेमा ज्ञान भएको हुनु पर्छ।
2. **सफाई सामग्री तयार पार्नुहोस्:** शारीरिक तरल देखिने घटनामा काम गर्दा सफाई सामग्री पहिलो मुख्य तत्व हो। उक्त सामग्रीहरुमा कम्तीमा पनि निम्न सामग्रीहरु हुनुपर्छः
   - i. व्यक्तिगत सुरक्षा उपकरण
     1. विसर्जनयोग्य मेडिकल पञ्जाहरु
     2. जुत्ता छोप्नेहरु
     3. आँखा सुरक्षा
     4. एप्रोन/गाउन
   - ii. सफाई उपकरणहरु
     1. बन्द गर्न मिल्ने प्लाष्टिक झोला वा बायोहाजार्ड झोला
     2. कागजी तौलिया
     3. स्कुप
     4. कीटनाशक
     5. शोस्ने पाउडर (बिरालोको लिटर, बालुवा, वा व्यवसायीक शोस्ने पाउडर)
3. **घटना स्थल र वरिपरीका क्षेत्रहरु सफाई गर्नुहोस्:** शारीरिक तरल हटाउन र वरिपरीको क्षेत्रलाई निर्मलिकरण गर्न निम्न स्वीकृत सफाई प्रक्रिया प्रयोग गर्नुहोस्।

## सफाई प्रक्रिया

1. उचित तरिकाले पालना गर्दा, सफाई प्रक्रियाले थप हुनसक्ने प्रदुषण तत्काल घटाउन सहयोग गर्ने छ।
2. सबै आवश्यक PPE राख्नुहोस्। सबै अनुहार र हातको देखिने भागहरुमा हुन सम्भावित प्रदुषणबाट सुरक्षित छन् भन्ने निश्चित गर्नुहोस्।
3. तरल पदार्थ रहेको छ। तरल पदार्थलाई छोप्न विसर्जनयोग्य तौलियाहरु र शोस्ने पाउडरको प्रयोग गर्नुहोस्।

4. पुरै प्रदुषित क्षेत्रलाई सेनिटाइज गर्नुहोस्। घटना भएको क्षेत्रबाट 25 ft टाढा सम्मको सतहमा कम्तिमा पनि 5000 ppm को ब्लीच सोलुशनको प्रयोग गर्नुहोस्। यसमा काउन्टरहरु, ढोकाहरु, उपकरण, र भाँडाकुँडँहरु समावेश छन्। 5000 ppm सोलुशन बनाउनको लागि एक ग्यालेन पानीमा सुगन्ध नमिसाएको 1-2/3 कप ब्लीचको प्रयोग गर्नुहोस्।
5. शारीरिक तरल पदार्थ हटाउनुहोस्। सबै विसर्जनयोग्य तौलियाहरु, शोस्ने पाउडर उक्त क्षेत्रबाट हटाइएको निश्चित गर्न स्कूप र डस्ट प्यानको प्रयोग गर्नुहोस्। थप प्रदुषण रोक्न सावधान रहनुहोस्। सबै फोहरलाई सुरक्षित बायोहाजार्ड वा प्लाष्टिक झोलामा खन्याउनुहोस्।
6. मनतातो साबुन पानीले उक्त क्षेत्र सफा गर्नुहोस्। यदि पोछाको प्रयोग गरिएको छ भने पुनःप्रयोग गर्नु अघि पोछा उचित तरिकाले सफा गरिएको र सेनिटाइज गरिएको निश्चित गर्नुहोस्। थप विसर्जनयोग्य तौलियाहरु, शोस्ने पाउडरलाई बायोहाजार्ड वा प्लाष्टिक झोलामा खन्याउनुहोस्।
7. उक्त घटना स्थलको 25 ft भित्र कुनै खाना देखाइएको छ भने हटाउनुहोस्।
8. नाडीमा भएको पञ्जाको पहिलो एक जोडी हटाउने र त्यसपछि पञ्जाको भित्री भाग बाहिर आउने गरी तल तानेर पञ्जा विसर्जन गर्ने। पञ्जाको नयाँ जोडी लगाउनु भन्दा पहिले कम्तीमा पनि 25 सेकेन्डसम्म मनतातो साबुन पानीले हात धुनुहोस्।
9. ब्लीच सोलुशन (5000 ppm) ले कम्तीमा पनि 5 मिनेटसम्म उक्त स्थानलाई पुरै भिजाउनु होस्। विषाक्त धुँवाको निर्माणलाई रोक्न उक्त स्थानमा हावा सञ्चार हुने उचित व्यवस्थाको निश्चित गर्नुहोस्।
10. विसर्जनयोग्य कागजी तौलियाको प्रयोग गरेर ब्लीच सोलुशन सफा गर्नुहोस्। सबै सतहहरु सफा भएको र वरिपरीका सतहहरुबाट अतिरिक्त ब्लीच सोलुशन हटाइएको निश्चित गर्नुहोस्।
11. पुनःदुषित कम गर्ने पद्दतीले सबै PPE हटाउनुहोस्। सबै PPE सामग्रीहरु प्लाष्टिक झोलामा राख्नुहोस्। झोला बन्द गर्नुहोस्। झोलालाई सुरक्षित तरिकाले हटाउनुहोस्।
12. हात पुरै धुनुहोस्।

## ब्लीच सोलुशन मिश्रण

| ब्लीच सोलुशन (5.25%)-घरायसी सुगन्ध नमिसाएको ब्लीच | मिश्रण |
|---|---|
| 1:10 (1 ग्यालिन पानीमा 1-2/3 कप ब्लीच) | 5000 ppm |
| 1:250 (1 ग्यालिन पानीमा 1ठूलो चम्चा ब्लीच) | 200 ppm |

## निर्मलिकरण गर्ने स्थानहरुको उदाहरण

- टुटीहरु
- कुलर हत्ताहरु
- डोरनबहरु
- शौचालयहरु
- हात बारहरु
- टेबल/काउन्टरको सतहहरु
- वरिपरीका भूईहरु
- बुथहरु
- टेबलहरु
- कुर्चीहरु
- भाँडाकुँडाहरु
- खाद्य उपकरण

# शारीरिक तरल पदार्थ सामग्री

- शारीरिक तरल पदार्थ फोहरलाई सफा गर्न पूर्वनिर्मित सामग्री खरिद गर्द सकिन्छ।
- तपाईको सामग्रीमा भएको रसायन सेनिटाइजरले नोरोभाइरस मार्छ भन्ने उल्लेख गरेको निश्चित गर्नुहोस्।



# सार्वजनिक स्वास्थ्य नियन्त्रण गर्ने समय

- तपाई खानालाई तातो राख्न चाहनुहुन्न यसको प्रयोग गर्नुहोस् (41˚ F वा 135˚ F मा होइन)
- 4 घण्टा पछि खाना फाल्नै पर्छ।




## उदाहरण नीति

*(पूर्ण नीतिको लागि 76 पेजमा हेर्नुहोस्)*

यहाँ सेवाको नाम राख्नुहोस्



## सार्वजनिक स्वास्थ्य नियन्त्रण नीतिको समय

Franklin County
**Public Health**

280 इष्ट बोर्ड मार्ग
कोलम्वस, ओहायो 43215-4562
614.525.3160 I myfcph.org

**अपरेटरको नाम** ______________________________

**मिति** ________________________________________

_________________ निश्चित नाश हुने खाद्य परिकारहरु (सुरक्षाका लागि समय/तापक्रम नियन्त्रण) पकाउने कारणले गर्दा 41˚ F र 135˚ F बीचको तापक्रममा देखाउने वा भण्डारण गर्ने नीति छ। रेफ्रिजेरेटर बाहिर वा न्यूनतम तातो रहने तापक्रम भन्दा तल देखाउने वा भण्डारण गर्ने खानाहरुमा निम्न समावेश छन्:

- 41˚ F र 135˚ F को बीचमा देखाइने वा भण्डारण गरिने **तपाईको खानाको सूची बनाउनुहोस्** (तापक्रम खतरायुक्त क्षेत्र)। यो नीति ती निश्चित खानाहरुमा लाग्छ जुन अग्रीम सूचीकृत गरिएको छ।

पहिल्यै उल्लेख गरिएको खाद्य परिकारहरु देखाउन वा भण्डारण गर्न तापक्रम नियन्त्रण बाहेकको समय प्रयोग गर्न सकिन्छ, तर यी खानाहरु कहिल्यै पनि 41˚ F र 135˚ F तापक्रमको बीचमा 4 घण्टा भन्दा बढी राखिदैन। सार्वजनिक स्वास्थ्य नियन्त्रणको रुपमा जब तापक्रम नियन्त्रण बाहेकको समय अधिकतम चार घण्टासम्म प्रयोग गरिन्छ, ओहायो खाद्य संहिताको नियम 3717-1-03.4 (I) को पालना गर्न निम्न प्रक्रिया लागु गरिन्छ।

- खानाको सुरुवाती तापक्रम रेफ्रिजेरेटरबाट निकाल्दा 41˚ F वा सो भन्दा कम हुनु पर्नेछ वा तातो राख्नेबाट निकाल्दा 135° F हुनु पर्नेछ।
- **खानामा चिसो/तातो तापक्रम नियन्त्रबाट हटाइएको मिति र समय संकेत गर्नु पर्नेछ र यसलाई फाल्ने समय (तापक्रमबाट निकालेबाट चार घण्टा) संकेत गर्नु पर्नेछ।**
- खाना पकाइनेछ र सेवा गरिनेछ, कुनै पनि तापक्रममा सेवा गरिनेछ यदि तयारी खाना हो भने वा यो निकालेको समय विन्दको चार घण्टा भित्र फ्याँकिने छ भने तापक्रम नियन्त्रण।
- संकेत नगरिएको कन्टेनरमा भएको वा चार घण्टा समय सीमा नाघेको संकेत भएको खाना फ्याँकिने छ।

कामदारले सुरक्षित खाना चलाउने अभ्यास बुझेका छन् भन्ने निश्चित गर्न यी प्रक्रियाहरु सबै कामदारसँग छलफल गरिने छ जसले खाना चलाउँछन् जुन खाद्यजन्य बिमारी रोक्न आवश्यक छ।

4 घण्टा भन्दा बढी 41˚ F भन्दा माथि वा 135˚ F भन्दा कम तापक्रममा देखाइएका वा भण्डारण गरिएका खाना बेच्न वा प्रयोग गर्न रोक्ने प्रयोजनका लागि यी प्रक्रियाहरु कडाईका साथ लागु गरिनेछ।

यी प्रक्रियाहरु ती खानाहरुमा मात्र लागु हुन्छ जनु अग्रीम पहिचान गरिएको छ र निश्चित पकाउने कारणले रेफ्रिजेरटरबाट वा न्यूनतम ताप भन्दा कम तापक्रम रहनेबाट बाहिर राखिएको छ।

हामीले _________________ उचित तापक्रम नियन्त्रणले खाद्यजन्य बिमारी रोक्न महत्वपूर्ण भूमिका खेल्छ र खाद्य सुरक्षा निश्चित गर्न समेत यी प्रक्रियाहरुको प्रयोग सावधानीपूर्वक अनुगमन गर्नु पर्छ भन्ने बुझेका छौं। यो नीति खानाहरु छनौट गर्न मात्र लागु हुन्छ जसलाई विशेष चलाउने तरिका आवश्यक पर्छ र यो हामीले तयार गर्ने र बिक्री गर्ने ती सबै खानाहरुको स्तरीय अभ्यास भने होइन।

यहाँ सेवाको नाम राख्नुहोस्

## कीट नियन्त्रण


कालो थोप्लाहरु साङ्गलाको मल हुन्।


[तस्वीर स्रोत: David~O on Visualhunt.com]

मुसाहरु र साङ्गलाहरु ती किरा हुन् जसले मानिसमा रोग फैलाउन सक्छ। किरा रोकथाम गर्न पोखिएको कुरा, खाना र ती स्थानहरु हटाउनुहोस् जहाँ किराहरु बस्छन्। किराहरुबाट मुक्ति पाउन तपाईले इजाजत प्राप्त कीट नियन्त्रण कम्पनीलाई भाडामा ल्याउनु पर्छ। तिनीहरुलाई तपाई आफै नहटाउनुहोस्।

## डम्प्स्टर क्षेत्र

- फोहर फाल्ने ठाउँहरुलाई खाना र फोहरबाट सफा राख्नुहोस्।
- ग्रिजको डब्बा सफा राख्न्होस्।
- यसले किराहरुलाई आकर्षित गर्ने हुँदा ग्रिजको डब्बालाई फोहर हुन नदिनुहोस्।
- ढोका/झ्याल बन्द रहनु पर्छ। यदि खुला हुन्छ भने तिनीहरुमा पर्दा लगाइएको हुनु पर्छ र चरमा कुनै खाली हुनु हुँदैन।











कार्डबोर्ड पुनः प्रयोग नगर्नुहोस्। यसमा ब्याक्टेरिया (किटाणु) हुन्छ जसले मानिसलाई बिरामी बनाउन सक्छ।

साथै साङ्‌लाहरु कार्डबोर्डमा बस्न मनपराउँछन्।

किराहरुलाई आकर्षित गर्ने अनावश्यक सामग्रीहरु हटाउनुहोस्।



# हात धुनुहोस्




1. भिजाउनुहोस्
2. फिंज
3. 20 सेकेन्डसम्म मिच्नहोस्
4. पखाल्नुहोस्
5. सुकाउनुहोस्

## पहिला हात धुनुहोस्

- पञ्जा लगाउँदा
- खाना छुँदा
- नयाँ काम सुरु गर्दा

## पछि हात धुनुहोस्

- शौचालय प्रयोग गरे पछि
- फोहर भाँडाकुँडा चलाए पछि
- भान्साबाट जाँदा र फर्किए पछि
- फोहर बाहिर निकाले पछि
- रसायनहरु चलाए पछि
- काँचो मासु, पोल्ट्री वा समुद्रीखाना चलाए पछि
- खाए वा पिए पछि
- कपाल, अनुहार वा शरीर छोए पछि
- पैसा चलाए पछि
- हाँच्छ्यु वा खोके पछि

# ह्याण्ड सिङ्क प्राबधानहरु








- सबै हातधुने सिङ्कहरुमा साबुन, विसर्जनयोग्य कागजी तौलिया, र हातधुने संकेत हुनु पर्छ।
- यस सिङ्कमा मात्र हात धुनुहोस्।
- पानी 100˚ F मा हुनु पर्छ।
- तीन कोठे सिङ्कमा हात नधुनुहोस्।
- हातधुने सिङ्कमा उपकरण भण्डारण गर्ने वा धुने नगर्नुहोस्।

# पञ्जाको प्रयोग




- तयारी खाना चलाउन पञ्जा वा भाँडाको प्रयोग गर्नुहोस्।
- प्लाष्टिक पञ्जाको प्रयोग नगर्नुहोस्।
- यदि पञ्जा फुत्किएमा, च्यातिएमा, वा दुषित भएमा पञ्जा बदल्नुहोस्। स्नानकक्षमा, चुरोट खाँदा, खोक्दा, हाँच्छ्यू गर्दा, र काँचो र पाकेको खाना तयारी गर्दाको बीचमा पञ्जा दुषित हुन सक्छन्। नयाँ पञ्जा लगाउनु भन्दा अघि उचित तरिकाले हात धुनुहोस् र सुकाउनुहोस्।

**तयारी खानाहरुः**
कुनै तयारी बिना सुरक्षित रुपमा खान सकिने खानाहरु




# कपाल नियन्त्रण

- यी निम्न तरिकाहरुबाट कपाललाई खानाबाट टाढा राख्नुहोस्।








# खाने र पिउने

- कामदारहरुले तोकिएको स्थानमा मात्र खानु र पिउनु पर्छ।
- व्यक्तिगत खाना ग्राहकको खाना र उपकरण भन्दा टाढा भण्डारण गर्नुहोस्।



# व्यक्तिगत सामग्रीहरु

- सबै व्यक्तिगत सामग्रीहरु खाना र उपकरण भन्दा टाढा राख्नुहोस्। चावी, फोन, कपडा, र अन्य वस्तुहरुले कार्य स्थललाई दुषित बनाउन सक्छन्।



## कामदारको सरसफाई

- अति हाँच्छ्यु, खोकी वा सिगान बग्दा काम नगर्नुहोस्।





## तापक्रम

तपाई डिग्री सेल्सियस प्रयोग गर्न सक्नुहुन्छ। स्वास्थ्य निरीक्षकले तापक्रमको प्रयोग डिग्री फरेनहाइटमा गर्नुहुनेछ। तपाईले सुरक्षित तापक्रम मापन डिग्री फरेन्हाइटमा जानेको हुनु पर्दछ।

**खतरायुक्त क्षेत्र**

- **41° F र 135° F को बीचमा खाना भण्डार नगर्नुहोस्।**
- **यी तापक्रमहरुमा ब्याक्टेरिया छिटो बढ्छन्।**



# सुरक्षित खाद्यको लागि समय/तापक्रम नियन्त्रण (TCS)

अरुमा भन्दा केही खानाहरुमा किटाणु सजिलै र छिटो बढ्छन्। यी खानाहरुलाई TCS खाना भनिन्छ। यी खानाहरुमा ब्याक्टेरियाको बृद्धि नियन्त्रण गर्न समय र तापक्रमको प्रयोग गरिन्छ। उदाहरणहरुः



दूध र दूधजन्य उत्पादनहरु



सीपीको अण्डाहरु (साल्मोनेला सप. हटाउन उपचार गरिएको बाहेक)



मासु: गाईको, सुँगुरको र भेंडाको



पोल्ट्री



माछा



सेलफिस र क्रस्टेसियनस्



पोलेको आलुहरु



तताइएको बिरुवा खाना, जस्तै पकाएको चामल, दाल र तरकारीहरु



टोफू वा अन्य सोया प्रोटिन सिन्थेटिक सामग्रीहरु, जस्तै मासुको विकल्पमा सोया प्रोटिनको टेक्स्चर



टुसा र टुसा पलाएको बिउहरु



ताछेको वा काटेको तरबुजा, टमाटर र पात भएका हरिया सागहरु



उपचार नगरिएको लसुन र तेलको मिश्रणहरु

## खाना तयारी

- अतिरिक्त खाना बनाउने तयारी नगर्नुहोस् यदि तपाईसँग खाना बनाउने समय छैन भने तपाईलाई जे चाहिन्छ त्यही मात्र लिनुहोस्।





## तयारी खानाहरु

- कुनै तयारी बिना सुरक्षित रुपमा खान सकिने खानाहरु





# थर्मोमिटर












## थर्मोमिटर मिलाउनुहोस्

शुद्धताको लागि थर्मोमिटर मिलाउनु पर्दछ। मिलाउनुको अर्थ थर्मोमिटरले ठीक तापक्रम मापन गर्न सकोस भन्ने निश्चित गर्न मिलाउनु हो।

थर्मोमिटरले तापक्रम मापन सधैं सही गर्न सकोस भन्ने निश्चित गर्न प्रत्येक हप्ता मिलाउनु आवश्यक हुन्छ।

- यात बरफ र पानी, वा उमालेको पानी प्रयोग गर्नुहोस्।
- बरफ पानीमा 32° F वा उमालेकोको पानीमा 212° F मापन गर्ने निश्चित गर्न थर्मोमिटर मिलाउनुहोस्।
- सही नभएका डिजिटल थर्मोमिटर हटाउनुहोस्।

- प्रत्येक पटकको प्रयोग पछि प्रोव सफा गर्नुहोस्। डिस्प्ले भिज्न नदिनुहोस्
- थर्मोमिटरले चिसो र तातो मापन गर्नु पर्दछ।
- प्रोवलाई खानाको सबैभन्दा बाक्लो भागमा राख्नुहोस्।
- प्रोवलाई सेन्सर वा डिम्पलमा पुग्ने गरी भित्रसम्म धकल्नुहोस्।

# खाना लिने

- चिसो TCS* खानाहरु तुरुन्तै रेफ्रिजेरेटरमा सारिएको निश्चित गर्नुहोस्। TCS खाद्य वस्तुहरुको तापक्रम मापन गर्नुहोस्।
- चिसो TCS खानाहरु 41° F वा सो भन्दा कम तापक्रममा लिनु पर्छ।
- काँचो कडासीपीको अण्डा 45° F मा पनि लिन सकिन्छ।
- दूध 45° F मा लिन सकिन्छ, तर 2 घण्टा भित्र 41° F सम्म चिस्याउनु पर्छ।

# चिसो रहने



- 41° F वा सो भन्दा कम हुनु पर्छ।
- काँचो कडा सीपीको अण्डा 45° F वा सो भन्दा कममा लिन सकिन्छ।
- खानाहरु चिसो रहिरहेको निश्चित गर्न कुलरहरुमा थर्मोमिटर राख्नुहोस्।

**TCS = सुरक्षित खाद्यको लागि समय/तापक्रम नियन्त्रण (पेज 20 मा हेर्नुहोस्)*

## खाना भण्डारण

- कुलर वा फ्रिजरमा नछोपिएको खाना कहिले पनि भण्डारण नगर्नुहोस्।
- दुषित हुनबाट बचाउन बन्द खाद्य सुरक्षा कन्टेनरमा खाना भण्डारण गर्नुहोस्।
- एकलप्रयोग बाकसमा खाना भण्डारण कहिल्यै नगर्नुहोस्।



## काँचो मासु भण्डारण

- काँचो मासुलाई सधैं तयारी खाना भन्दा मुनी निम्न क्रममा माथि देखि तल राख्नुहोस्:
  - तयारी खानाहरु
  - काँचो समुद्रीखाना
  - काँचो पुरै मासु
  - काँचो पेलेको मासु
  - काँचो पोल्ट्री




## काँचो मासुको स्रोत

- सुरक्षित इजाजत प्राप्त स्रोतबाट खरिद गर्नुहोस्।
- काँचो कुखुराको मासु नधुनुहोस्। यसले ब्याक्टेरिया फैलाउँछ।



# खाना पगाल्ने

## पग्लिने TCS खानाहरु



- खाना 41° F भन्दा माथि जान सक्दैन।
- जमेको खानालाई पगाल्नको लागि कुलरमा 41° F मा राख्नुहोस् वा सिङ्कमा बगेको चिसो पानीमा खाना राख्नुहोस्।
- तातो पानी वा कोठाको तापक्रममा खाना कहिल्यै पनि नपगाल्नुहोस्।

## जमेको न्यून अक्सिजन प्याकेजिङ्ग (रोप) माछा पगाल्ने



- माछालाई प्लाष्टिकमा बेर्नु पर्छ।
- माछा कुलरमा पगाल्नुहोस्।
- हावा भित्र जान दिन प्लाष्टिकमा लामो चिरा काट्नुहोस्।



# उत्पादन पखाल्ने

- काट्नु भन्दा अघि सबै कच्चा फलफूल र तरकारीहरु पखाल्नुहोस्।
- प्रेप सिङ्कमा पानीले पखाल्नुहोस्।
- यदि तपाईसँग उचित परीक्षण स्ट्रिप्स छ भने तरकारी पखाल्न प्रयोग गर्न सक्नु हुनेछ।





# काट्ने बोर्डहरु

- ती पखाल्न मिल्ने हुनुपर्छ।
- तिनीहरुमा गहिरो काटिएको हुनुहुँदैन।
- प्रत्येक खाद्य वस्तुहरु काटेपछि र अर्को खानामा सार्नु भन्दा पहिले पखाल्नुहोस्।
- ताजा उत्पादनको लागि एउटा काट्ने बोर्ड र काँचो मासु, पोल्ट्री र समुद्रीखानाको लागि अर्को अलग काट्ने बोर्डको प्रयोग गर्नुहोस्।







## पकाउने तापक्रम

# “के यो अहिले नै सकियो?”

**तपाई हेरेर मात्र भन्न सक्नुहुन्न।**
**निश्चित हुनको लागि थर्मोमिटरको प्रयोग गर्नुहोस्।**

### USDAसिफारिस गरिएको सुरक्षित न्यूनतम् आन्तरिक तापक्रम



145° F
**पुरै**
गाईको मासु, सुँगुरको मासु, बाच्छाको मासु, भेंडाको मासु, स्टेक्स्, रोस्टस् र काटेको टुक्राहरु



145° F
अण्डाको खाना



145° F
माछा
सेलफिस



155° F
**पेलेको**
गाईको मासु, सुँगुरको मासु, बाच्छाको मासु, भेंडाको पेलेको मासु





165° F
**पुरै, टुक्राहरु र पेलेको**
टर्की, कुखुरा, हाँस

# बाँकी खाना पुनःतताउने

- 165° F सम्म तताउनुहोस्।
- खाना चलाउने निश्चित गर्नुहोस्। समानरुपले तताउनुहोस्।
- खाना पकाउने उपकरणको प्रयोग गर्नुहोस्
- स्टीम टेबलको प्रयोग गरेर कहिल्यै पुनःनतताउनुहोस्।
- खाना स्टीम टेबलमा राख्नु भन्दा अघि 135° F वा सो भन्दा उच्च हुनु पर्छ।

# तातो रहने



- खाना 135° F वा सो भन्दा उच्च हुनु पर्छ।

# खाना चिस्याउने





- 2 घण्टामा 135° F बाट 70° F झार्नुहोस्
- अर्को 4 घण्टामा 70° F बाट 41° F झार्नुहोस्

# चिस्याउने तरिकाहरु






[तस्वीर स्रोतः राष्ट्रिय खाद्य सेवा व्यवस्थापन संस्थानः मिसिसिपी विश्वविद्यालय]

- हरेक घण्टा वस्तु चलाउनुहोस्
- धातुका कन्टेनरहरु सबै भन्दा उत्तम हुन्छन्।
- पातलो तावाहरु प्रयोग गर्नुहोस्।
- कन्टेनरहरु आधासम्म भर्नुहोस्।
- चिस्याउँदा ढक्कन निकाल्नुहोस्।



आइस वान्डको प्रयोग गर्नुहोस्।



आइस वाथको प्रयोग गर्नुहोस्।



ब्लास्ट चिलर वा वाकइन कुलरको प्रयोग गर्नुहोस्।

- चिसो लाइनको प्रयोग गरी कहिल्यै नचिस्याउनुहोस्।
- प्रिप टेबलमा राख्नु भन्दा अघि खाना 41° F वा सो भन्दा कम हुनुपर्छ।

# मिति संकेत गर्ने





- TCS खानाहरुमा 7दिने हटाउने मिति भएको संकेत राख्नुहोस्।
- खानाको कन्टेनरमा यसलाई कहिले फाल्ने भन्ने थाह पाउन स्टीकर राख्नुहोस्।
- यदि 12/9 मा कस्टर्ड बनाइएको छ भने 7दिने हटाउने मितिको पालना गर्दै यसलाई 12/15 मा फाल्नु पर्छ। यदि 12/12 मा कस्टर्डलाई मीठाईको रुपमा प्रयोग गरिन्छ भने उक्त मीठाई 12/15 मा फाल्नु पर्छ किनभने मानिसलाई बिरामी हुनबाट बचाउन तपाईले सबैभन्दा पुरानो सामग्रीलाई फाल्नै पर्छ।





## प्याकेजिङ्ग गरिएको खाद्य लेवलहरु



**चकलेट चिप कुकिज्**
PickYourOwn.org Cookies Co.,
456 Elm St. Jefferson City, MO 6510

सामग्रीहरुः गुणकारी पीठो (गहुँको पीठो, नायासिन, घटाइएको आइरन, थियामाइन, मोनोनिट्राट, रिवोफ्लाविन, फोलिक एसिड), मक्खन (दुध, नुन), चकलेट चिप्स (चिनी, चकलेट रक्सी, कोका मक्खन, बटरफ्याट (दूध) सोया, लेसिथिन (एमल्सीफायर जस्तै), चिनी, अण्डाहरु, नुन, प्राकृतिक वेनिला तत्व, खाने सोडा।

शुद्ध तौल 3oz (89g)
गहुँ, अण्डा, दूध, सोया समावेश

- खानाको सामान्य नाम
- सेवाको ठेगाना र नाम
- प्रमुखतत्व सामग्रीहरुको सुची (ठूलो देखि सानो)
- एलर्जी गराउने तत्वहरु
- शुद्ध वजन

## काम गर्ने कन्टेनरहरुमा लेवल लगाउने

- सामान्य नामहरुबाट खाद्य कन्टेनरहरुमा लेवल लगाउनुहोस्।
- स्टीकर, ट्याग, वा संकेतहरु प्रयोग गर्न सकिन्छ।



# एलर्जी गराउने तत्वहरु



**एलर्जी गराउने सामान्य खाद्य तत्वहरु**

- दूध
- गहुँ
- सोयाविन
- अण्डा
- बदाम
- माछा (जस्तै बास, फ्लाउन्डर, वा कोड)
- रुखका दानाहरु (जस्तै बदाम, पेकन, वा ओखर)

| सामान्य खाद्य एलर्जी लक्षणहरु | | | |
|---|---|---|---|
|  | चिलाउने डाबर देखिने |  | बान्ता आउने |
|  | वाकवाकी वा पेटको दुख्ने |  | सास फेर्न गाह्रो हुने/सास फेर्दा आवाज आउने |
|  | पखाला लाग्ने |  | सुन्निने |

**गम्भीर घटनाहरुमा एलर्जीको प्रतिक्रियाले मृत्यु गराउन सक्छ।**

# उपभोक्ता सुझाव

- यदि तपाईले काँचो वा कम पाकेको खाना सेवा गर्नुहुन्छ भने तपाईको मेनुमा यो उपभोक्ता सुझाव हुनुपर्छ। उक्त सुझावले भन्नुपर्छ: "काँचो वा कम पाकेको मासु, पोल्ट्री, समुद्रीखाना, सेलफिस, वा अण्डाहरु उपभोग गर्नाले तपाईलाई खाद्यजन्य बिमारीको जोखिम बढाउँछ।"

**उपभोक्ता सुझाव**
काँचो मासु वा कम पाकेको मासु, पोल्ट्री, समुद्रीखाना, सेलफिस, वा अण्डाहरुको उपभोगले खाद्यजन्य बिमारीको जोखिम बढाउन सक्छ खासगरी यदि तपाईमा निश्चित चिकित्सा समस्याहरु छन् भने।

# सुरक्षित चलाउने सम्बन्धी निर्देशन

- यी निर्देशनहरु सबै प्याकेजिङ्ग गरिएको काँचो मासु र पोल्ट्रीमा आवश्यक पर्छ।

## सुरक्षित चलाउने निर्देशनहरु

यो उत्पादन निरीक्षण गरिएको र विगतको मासु र/वा पोल्ट्रीबाट बनाइएको हो। केही खाद्य उत्पादनमा ब्याक्टेरिया हुन सक्छन् र यदि उक्त उत्पादन गलततरिकाले चलाएमा वा अनुचित तरिकाले पकाएमा बिमारी बनाउन सक्छ। तपाईको सुरक्षाको लागि यी सुरक्षित तरकिले चलाउने निर्देशनको पालना गर्नुहोस्।



रेफ्रिजेरेटरमा राख्नुहोस् वा जमाएर राख्नुहोस्।
रेफ्रिजेरेटरमा वा माइक्रोवेवमा पगाल्नुहोस्।



काँचो मासु र पोल्ट्री अन्य खानाबाट अलग्गै राख्नुहोस्। कामगर्ने सतह (काट्ने बोर्डसमेत), भाँडाकुँडा, र काँचो मासु वा पोल्ट्री छोएपछि हात धुनुहोस्।



राम्रोसँग पकाउनुहोस्।




तातो खानालाई तातो राख्नुहोस्। बाँकी बचेको खानालाई तुरुन्तै रेफ्रिजेरेटरमा राख्नुहोस् वा हटाउनुहोस्।

# घरायसी खाना



- तपाईले घरमा बनाएको खाना बेच्न सक्नुहुन्न।



- खाना इजाजत प्राप्त सेवा क्षेत्रमा बनाएको हुनुपर्छ।

## क्यान ओपनर

- हत्ता भएको क्यान ओपनरको प्रयोग गर्नुहोस् जुन सफा गर्न हटाउन सकिन्छ।














## दाँते क्यानहरु

- फुलेको, खिया लागेको वा दाँते क्यानको प्रयोग नगर्नुहोस्।







# उपकरण




- व्यवसायीक हुनुपर्छ।
- घरायसीप्रयोगको उपकरण नराख्नुहोस्।



## उपकरण र भाँडाकुँडाको सफाईयोग्यता

- उपकरणहरु सफाई योग्य हुनु आवश्यक छ।
- यदि तपाई उपकरण भित्रको अवशेष हटाउन सक्नुहुन्न भने यो प्रतिस्थापन गर्नुपर्ने हुन्छ।
- दराजमा टिन पन्नी वा कार्डबोर्ड प्रयोग नगर्नुहोस्।
- सफाईको लागि कैंची अलग आएको हुनुपर्छ।



## एकलप्रयोग सामग्रीहरु





- भाँडाकुँडा र ठूला खाद्य कन्टेनरहरु एक पटक मात्र प्रयोग गर्न बनाइएको हुन्छ र हटाइन्छ।
- उदाहरणमा निम्न समावेश छनः वाक्स पेपर, बुचर पेपर, प्लाष्टिक र्‍याप, आल्मुनियमबाट बनेको खाद्य कन्टेनर, जार, प्लाष्टिक ट्यूब, ब्रेड र्‍यापर, अचार ब्यारेल, क्याचअप बोतल र नम्बर 10 क्यानहरु।

## भण्डारण



### सुक्खा भण्डारण

- एकलप्रयोग वस्तुहरु, उपकरण र खाना भुईं देखि 6 इन्च (15 cm) माथि राख्नुहोस्।
- वस्तुहरु बाकसमा भए पनि यसो गर्नुहोस्।

### उपकरण भण्डारण

- बिरामी ग्राहकहरुबाट बचाउन सफा स्थानमा भण्डारण गर्नुहोस्।
- भाँडाकुँडा जस्तै चक्कु वा चिम्टा प्रत्येक 4 घण्टामा बाहिर निकाल्नु पर्छ वा सफा र सेनिटाइज गर्नु पर्छ।
- पानीको बाल्टीमा भाँडाकुँडाहरु भण्डारण नगर्नुहोस्।

# तीन कोठे सिङ्क सफाई निर्माण










1. आफ्नो हात धुनुहोस्।
2. प्रत्येक कोठा सफा र सेनिटाइज गर्नुहोस्।
3. बायाँ कोठा तातो पानी र साबुनले भर्नुहोस्।
4. बीचको कोठा तातो पानीले भर्नुहोस्।
5. दायाँ कोठा मनतातो पानी र सेनिटाइजरले भर्नुहोस् जस्तै क्वाटरनरी एमोनियम वा क्लोरिन सेनिटाइजर

# क्लोरिन सेनिटाइजर

1. सोडियम हाइपोक्लोराइट उक्त सामग्रीहरुमा राखिएको हुनुपर्छ। सुगन्ध मिसाइएको ब्लीच प्रयोग नगर्नुहोस्।
2. प्रति 1 ग्यालिन पानीमा 5% एक चियाचम्चा क्लोरिन/ब्लीच थप्नुहोस् र मिश्रण गर्नुहोस्।
3. परीक्षण स्ट्रीप दुई इन्च च्यात्नुहोस्। उक्त परीक्षण स्ट्रीप एक सेकेन्डसम्म सेनिटाइजरमा डुबाउनुहोस्।
4. परीक्षण स्ट्रीपलाई रंग तालिकासँग तुलना गर्नुहोस्।
5. 50 ppm वा सो भन्दा उच्च हुनु पर्छ।







3



4



3



**परीक्षण स्ट्रीपको अन्तिम म्याद मिति हुन्छ। म्याद नाघेपछि हटाउनुहोस्।**

**परीक्षण स्ट्रीपलाई सुक्खा राख्नुहोस्। यदि तिनीहरु भिजे भने फ्याँक्नुहोस्।**



# क्वाटरनरी एमोनियम सेनिटाइजर



















1. क्वाटरनरी एमोनियम उक्त सामग्रीहरुमा राखिएको उल्लेख भएको हुनुपर्छ।
   a. यदि ट्यावलेट फर्म प्रयोग गर्नु हुन्छ भने ट्यावलेटलाई पानीमा हाल्नुहोस्। ट्यावलेट घुल्नेछ।
   b. यदि तरल क्वाटरनरी एमोनियम सेनिटाइजर प्रयोग गरिन्छ भने पानी र क्वाटरनरीको ठीक अनुपात मिलाउन निम्न निर्देशनहरुको पालना गर्नुहोस्।
2. फिंज हराउन्जेल सम्म पर्खनुहोस्।
3. परीक्षण स्ट्रीप लगभग दुई इन्च च्यात्नुहोस्। उक्त परीक्षण स्ट्रीप सेनिटाइजर पानीमा डुबाउनुहोस् र 10 सेकेन्डसम्म राख्नुहोस्। (परीक्षण स्ट्रीप प्रयोग गर्दा निर्देशनहरुको पालना गर्नुहोस्; केहीमा 10 सेकेन्ड भन्दा बढी समय आवश्यक पर्न सक्छ।)
4. परीक्षण स्ट्रीपलाई रंग तालिकासँग तुलना गर्नुहोस्।
5. यदि सेनिटाइजर 200-400 ppm वा 150-400 ppm मा हुनुपर्छ की जाँच गर्नुहोस्।
6. यदि सेनिटाइजर कुनै पम्पबाट हो र उक्त स्तरमा परीक्षण गर्दैन भने तपाईंको रसायन कम्पनीमा सम्पर्क गर्नुहोस्।



# सफाई उपकरण

भाँडाहरु माझ्न ग्रीज रोक्ने तीनकोठे सिङ्कको सधैं प्रयोग गर्नुहोस्।

1. मिच्ने वा पूर्वपखाल्ने।
2. भाँडाहरु पहिलो सिङ्कमा पखाल्नुहोस्। स्पोन्जको प्रयोग नगर्नुहोस्। माझ्ने कपडा वा मिच्ने ब्रस प्रयोग गर्नुहोस्।
3. भाँडाहरु बीचको सिङ्कमा पखाल्नुहोस्। उपकरणबाट सबै सावुन पखाल्नु पर्छ। आवश्यकता अनुसार पानी पुनःभर्नुहोस्।
4. भाँडाहरु तेस्रो सिङ्कमा सेनिटाइज गर्नुहोस्। भाँडाहरु सेनिटाइजर सोलुशनमा कम्तिमा 1 मिनेटसम्मको लागि पूर्णरुपमा छोपेर राख्नु पर्दछ।
5. छेउको नाली बोर्डमा सबै सेनिटाइज गरिएका भाँडाहरु हावाले सुकाउनुहोस्। **सुक्खा भाँडामा तौलिया** नलगाउनुहोस्।










**फोहर भाँडा चलाएपछि र सफा भाँडा चलाउनु भन्दा अघि आफ्नो हात धुनुहोस्।**






# हातैले थिग्रोहरु फाल्नु पर्ने डिसवासर



महिनाको एकपटक आफ्नो डिसवासर थिग्रो फाल्नुहोस्। यदि तपाईको डिसवासरमा थिग्रो फाल्ने चक्र छैन भने हातैले पनि गर्न सकिन्छ। थिग्रो सेतोले बनेको हुन्छ जुन तपाईको पानीमा भएको मिनेरलहरुले गर्दा बनेको हुन्छ।

1. पानी पाइपबाट निकाल्नुहोस्।
2. साबुन (डटरजेन्ट) बाट पम्प हटाउनुहोस् र ट्यूवमा भएको साबुन बाहिर निकाल्न जति धैरै समय लाग्छ त्यति समय मेसिन चलाउनुहोस्।
3. थिग्रो फाल्ने रसायनको ठीक मात्रा राख्नुहोस्।
4. उक्त चक्र सुरु गर्न ढोका बन्द गर्नुहोस्। यसलाई 30 सेकेन्डसम्म चलाउनुहोस् र त्यसपछि ढोका खोल्नुहोस्।
5. यो 15-20 मिनेटसम्मको लागि मिलाउनुहोस्।
6. चक्रा पुरा गर्न ढोका बन्द गर्नुहोस्।
7. साबुन (डिटरजेन्ट) ट्यूवमा पुनः राख्नुहोस्।
8. भाँडा सफा गर्न साबुन (डिटरजेन्ट) मेसिनमा जानेछ भन्ने निश्चित गर्न साबुन (डिटरजेन्ट) लाई प्राथमिक बनाउनुहोस्।
9. कुनै पनि भाँडा माझ्न भन्दा अघि यसलाई दुई पटक बाहिर निकाल्नुहोस् र भर्नुहोस्।

# स्वचालित थिग्रो फाल्ने चक्र




*[तस्वीर स्रोत: acsmt.com]*

1. पानी खाली गर्नुहोस्।
2. थिग्रो फाल्ने चक्र छान्नुहोस्।
3. सुरु गर्न ढोका बन्द गर्नुहोस्। प्रति लेवल थिग्रो फाल्ने रसायन थप्नु पर्दा ढोका खोल्नुहोस्।
4. भाँडा माझ्न प्रयोग गर्नु भन्दा अघि दुई पटक खाली गर्नुहोस् र भर्नुहोस्।

# डिसवासर









- डाटा प्लेट मेसिनमा हुनुपर्छ जसले माझ्ने र पखाल्ने चरणहरुमा आवश्यक तापक्रम देखाउँछ।
- थर्मोमिटर र दबाब गेजले काम गरिरहेको निश्चित गर्नुहोस्।
- आवश्यकता अनुसार मेसिनको भित्र सफा गर्नुहोस्।
- भाँडालाई अझै पूर्वसफाई गर्नु पर्नेछ।

## न्यून ताप रसायन डिसवासर

- सबैभन्दा सामान्य प्रयोग गरिने रसायन सेनिटाइजर क्लोरिन हो।
- साबुन (डिटरजेन्ट), पखाल्ने सहायक र सेनिटाइजरलाई डिसवासर भित्र पम्प गर्नु पर्ने हुन्छ।
